आज मिति २०७६ साल मंसिर महिनाको १८ गते बुधवार दिनको ११:०० बजे मिथिला नगरपालिकाका नगर प्रमुख श्री हरि नारायण महत्तो ज्यूको अध्यक्षतामा निम्न अनुसार, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रही तपसिल अनुसारको प्रस्तावहरुमा छलफल भई तपसिल अनुसारका निर्णय गरियो ।

| सि.न | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिनारायण महतो | |
| २ | वडा अध्यक्ष (१) | लक्ष्मी महतो | |
| ३ | वडा अध्यक्ष (२) | विहारी महतो | |
| ४ | वडा अध्यक्ष (३) | राम एकवाल महतो | |
| ५ | वडा अध्यक्ष (४) | विष्णुहरि खदाल | |
| ६ | वडा अध्यक्ष (५) | श्यामबाबु यादव | |
| ७ | वडा अध्यक्ष (६) | भक्त वहादुर बलम्पाकी | |
| ८ | वडा अध्यक्ष (७) | युबराज उप्रती | |
| ९ | वडा अध्यक्ष (८) | देवनारायण महतो | |
| १० | वडा अध्यक्ष (९) | दिपकजंग थापा | |
| ११ | वडा अध्यक्ष (१०) | सविन विक्रम थापा | |
| १२ | वडा अध्यक्ष (११) | वेद वहादुर कार्की | |
| १३ | कार्यपालिका सदस्य | जहरी देवी महतो | |
| १४ | ,, ,, | ठेट कुमारी दहाल | |
| १५ | ,, ,, | रेणु हेन्जन | |
| १६ | ,, ,, | सीता भित्रीकोटी | सीता |
| १७ | ,, ,, | अनिता परियार | अनिता |
| १८ | ,, ,, | राजदेव ठाकुर | |
| १९ | ,, ,, | गुलाब ठाकुर | |
| २० | ,, ,, | देवी वहादुर तोलांगे | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत( सचिव) | राम कुमार कार्की | |
| | सहयोगी कर्मचारीहरु | | |
| १ | शिवसंकर प्रसाद सिंह | सहायक पाँचौं | |
| २ | सुरेन्द्र कुमार सिंह | ,, चौथो | |
| ३ | जिना लामा | ,, चौथो | |

# मिथिला नगरपालिका,नगर कार्यपालिकाको बैठकको

## प्रस्ताव  तथा निर्णयहरु

## मिति २०७६।०८। १८ गते बुधवार

### बैठकका प्रस्तावहरु

प्रस्ताव नं.१.अख्तियार दुरुपयोग अनुसधान आयोग टंगाल काठमण्डौको स्थानिय तह सेवा सम्वन्धि उजुरीहरुको अनुसन्धान सवालहरु तथा आयोगको तर्फवाट दिइएका सुझावहरु सम्वन्धमा ।

प्रस्ताव नं. २ :-दुधपानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति तुलसीको पाईप माग/ल.ईं. सहित पेश गरेको सम्वन्धमा ।

प्रस्ताव नं.३ :-सामुदायिक भवनका लागि वडा कार्यालयवाट विनियोजित रकम अपुग भएकोले रु.५०००००/-(अक्षरेपी रु.पाँच लाख मात्र/-) थप गर्न मि.न.पा.-११ तुलसीको माग सम्वन्धमा ।

प्रस्ताव नं.४:-रामजानकी मन्दिर उद्घाटन तथा महोत्सव समारोहका लागि रु.१०००००/(अक्षरेपी रु.एक लाख मात्र/-) मि.न.पा.-३ हरिहरपुरलाई भुक्तानी दिने सम्वन्धमा ।

प्रस्ताव नं.५ :-२ नं. प्रदेश दंगा नियन्त्रण प्रहरी गण जनकपुर ढल्केवरको जिर्णोधार अवस्थामा रहेको भवन मर्मतको लागि रकम सहयोग गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.६ :-काज क्रिया खर्च सम्वन्धमा ।

प्रस्ताव नं.७ :-ढल्केवरमा रहेको हनुमान मन्दिर निर्माण लागि रकम उपलब्ध गराउने सम्वन्धमा ।

प्रस्ताव नं.८:-रतनपुरको हनुमान मन्दिर मर्मत सम्भारको लागि रकम उपलब्ध गराउनेसम्वन्धमा ।

प्रस्ताव नं.९:-विवाह पञ्चमी महोत्सव मनाएको रकम उपलब्ध गराउने सम्वन्धमा ।

प्रस्ताव नं १०:-आर्थिक सहयोग सम्वन्धमा ।

प्रस्ताव नं ११:- योजना संसोधन सिफारिस सम्वन्धमा

प्रस्ताव नं.१२ उपभेक्ता समितिको खाता खोल्ने सम्वन्धमा ।

**प्रस्ताव नं.१३ :-मिथिला नगरपालिका वडा नं. १० को कुष्ठरोग अस्पताल जाने वाटोको दक्षिण तर्फवाट रातु नदी जाने वाटोमा नदि नियन्यत्रण तथा सडक मर्मत सम्भार शुल्क उठाउन ठेक्का बन्दोवस्त गर्ने सम्वन्धमा ।**

## बैठकका निर्णयहरु

**निर्णय नं.१ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसधान आयोग टंगाल काठमण्डौको तर्फवाट स्थानिय तहलाई दिइएका सुझावहरु पढि बाची सुनी सोही अनुसार कार्यलयमा कामकारवाही गर्ने निर्णय गरियो ।**

**निर्णय नं २** :- प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७६/०३/२६,२७ २८ गतेको अविरल वर्षाले दुधपानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति मिथिला नगरपालिका ११ दुधपानी, धनुषाको खानेपानी इन्टेकमा क्षती पुऱ्याई मर्मत गर्न खानेपानी तथा सरसफाई शिर्षकवाट रु१०००००/-( अक्षरेपी रु.एक लाख मात्र/-) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ३** :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस मिथिला नगरपालिका वडा नं. ११ तुलसीको सामुदायिक भवन निर्माण कार्यका लागि रकम अपुग भएकोले रकम शिर्षक नं.२८ मर्मत सम्भार कोषवाट रु.५०००००/-(अक्षरेपी रु.पाँच लाख मात्र/-) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४** :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस मिथिला नगरपालिकाको वडा ३ हरिहरपुरमा रामजानकी मन्दिर उद्घाटन तथा महोत्सव समारोहका लागि शिर्षक नं. १६३ विविध खर्चवाट रु.१०००००(रु.एक लाख मात्र/-) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५** :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा २ नं. प्रदेश दंगा नियन्त्रण प्रहरी गण जनकपुर ढल्केवर धनुषाको जिर्ण रहेको भवन मर्मत गर्नको लागि शिर्षक नं. २८ को मर्मत सम्भार कोषवाट रु.१०००००/-(अक्षरेपी रु.एक लाख मात्र/-) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६** :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा २०७६/४/२२ गतेका दिन पोखरीमा नुहाउने क्रममा मृत्यु भएको मि.न.पा. ७ का टिका वहादुर कडारीको घर परिवारको आर्थिक अवस्था निकै कमजोर भएकोले मृतकको परिवारलाई काज क्रिया खर्च वापत शिर्षक नं.१६९ को विपत व्यवस्थापन कोषवाट रु.१५०००/-(अक्षरेपी रु.पन्ध्र हजार मात्र/-) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७** :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस मिथिला नगरपालिका वडा नं.६ मा हनुमान मन्दिर निर्माण गर्नको लागि मठ/मन्दिर/ गुम्वा/चर्च/मस्जिद भौतिक पूर्वाधार निर्माण शिर्षक नं. २४ वाट रु.५००००० (अक्षरेपी रु.पाँच लाख मात्र/-)उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८** :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस मिथिला नगरपालिका वडा नं.-४ रतनपुर मा हनुमानजीको मुर्ति खरिद र टायलस लगाउन शिर्षक नं. २४ को मठ/मन्दिर/ गुम्वा/चर्च/मस्जिद

भौतिक पूर्वाधार निर्माण शिर्षकवाट रु.२०००००/-(अक्षरेपी रु.दुई लाख मात्र/-)उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९** :– प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस मिथिला नगरपालिका वडा नं.-६ ढल्केवरमा रहेको श्री राम जानकी मन्दिरमा विवाह पञ्चमी महोत्सवको लागि शिर्षक नं. १६३ को विविध खर्चवाट रु.७५,०००/-(अक्षरेपी रु.पचहत्तर हजार मात्र/-) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०** :– प्रस्ताव नं. १० माथि छलफल गर्दा यस मिथिला नगरपालिका वडा नं.-९ मा वस्ने उपेन्द्र रविदासको वुहारीलाई एक महिना देखि आई.सि.यु. कक्षमा राखी उपचार भई रहेकोले निजलाई शिर्षक नं. १६३ को विपत आर्थिक सहयोग शिर्षकबाट रु.२०,०००/-(अक्षरेपी रु.बीस हजार मात्र/-)उपचार खर्च वापत आर्थिक सहयोग दिने निर्णय गरियो ।

**निर्णय नं. ११** :– **प्रस्ताव नं. ११ माथि छलफल गर्दा अन्तर सरकारी वितिय हस्तान्तरण कार्यक्रम** अन्तर्गत क्षेत्रगत कार्यक्रम तर्फ ३६५०११०३ मा झोलुंगे पुल निर्माण मि.न.पा. ४ पुष्पवलपुरका लागि रकम रु.१,००,०००००(अक्षरेपी रु.एक करोड मात्र/-) विनियोजन भएकोमा उक्त स्थानका वसोवास गर्ने लाभग्राहीहरुको माग र भोगौलिक अवस्था अनुसार पक्की पुलको निर्माण गर्ने गरी योजना संसोधन गर्न श्री अर्थ मन्त्रालय सिंहदरवार काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** :– प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस मिथिला नगरपालिको आर्थिक वर्ष २०७६/०७७ मा स्वीकृत भएका योजनाहरु कार्यन्वयन गर्ने उपभेक्ता समितिहरुले आर्थिक कारोवार गर्न लागि माछा पुच्छ्रे वैंकमा खाता खोल्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. १३** :-प्रताव नं. १३ माथि छलफल गर्दा मि.न.पा. वडा नं.१० मा रहेको कुष्ठरोग अस्पाताल जाने बाटोको दक्षिण तर्फ बाट रातु नदि जाने बाटोमा चल्ने ढुंगा,गिट्टी, वालुवा वोक्ने सवारी साधनहरुसँग नदि नियन्त्रण तथा सडक मर्मत सम्भार शुल्क उठाउन पर्ने भएकोले आर्थिक ऐन २०७६ ले तोकेको दर रेटको सिमा भित्र रहि शुल्क उठाउन न्यनतम अंक रु.४,००,०००/- अंक राखी दरभाउपत्र आह्वान सुचना प्रकाशन गर्ने र वाटोमा धुलो नउड्ने गरी पानी छर्कने व्यवस्था कवोल वाला स्वयमबाट गर्ने शर्त सुचनामा राख्ने निर्णय गरियो ।